# रैनादेवी छहरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## छहरा पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

च.न.
प.स. २०७७/२०७८

०७५- ६९१०२५
०७५- ६९२३४३


मितिः २०७७/११/०७

## बेरोजगार व्यक्तिहरु सुचिकृत हुने बारे सूचना!

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्ष २०७८/७९ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा संलग्न हुनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७७/१०/२५ को च.नं. २५८ को पत्रानुसार मिति २०७७ फागुन महिनाभित्र बेरोजगार व्यक्ति सूचीकरण गर्नुपर्ने भएकाले वडामा स्थायी रूपमा बसोबास गर्ने इच्छुक बेरोजगार व्यक्तिले वडा कार्यालयमा सो अवधिभित्र पूर्ण विवरण सहित आवश्यक कागजात संलग्न गरी निवेदन दर्ता गर्नुहुन जानकारीका लागि अनुरोध छ।

निवेदन दर्ता गर्दा ध्यान दिनुपर्ने कुराहरू:

१. पूर्ण विवरण (पारिवारिक विवरण समेत) नभरिएका निवेदनहरू मान्य हुने छैनन्।
२. गरिब तथा सामान्य जीवन यापन, जोखिममा परेका वर्गलाई विशेष प्राथमिकतामा राखि न्यूनतम रोजगारीमा संलग्न गराउने कार्यक्रमको उद्देश्य भएकाले यथार्थपरक र पूर्ण विवरण सहित आवेदन दिनुपर्नेछ।
३. न्युनतम रोजगारी बाहेक अन्य सुविधा सबै नागरिकले प्राप्त गर्ने हुँदा यथार्थपरक र पूर्ण विवरण भरेर मात्र आवेदन दिनुपर्नेछ, झुट्टा विवरण पेश गरी निवेदन दिएको पाइएमा नियमानुसार कारबाही गरिनेछ।
४. नागरिकताको प्रष्ट प्रतिलिपि साथै नागरिकतामा स्थायी बसोबास अन्यत्र देखिएमा स्थायी बसोबासको प्रमाण खुल्ने कागजात पेश गर्नुपर्ने।
५. अपाङ्गता तथा वैदेशिक रोजगारीको विवरण भरेको भए प्रमाण खुल्ने कागजात समावेश गर्नुपर्ने।
६. १८ – ५९ उमेर समुहका व्यक्ति हुनुपर्ने।

इन्द्र बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत